# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ३, संख्याः १०, कार्तिक १४ गते, २०७६ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# कृयापुत्री भवन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

**कार्यपालिकाबाट पारित र प्रमाणीकरण मितिः २०७६।७।७**

**प्रस्तावनाः** व्यास नगरपालिका अन्तर्गत नगरपालिकाको सहभागितामा निर्माण भएका कृयापुत्री भवनहरुको सञ्चालन एवं व्यवस्थित गर्न आवश्यक भएकोले,

व्यास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृयापुत्री भवन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ख) "प्रमुख" भन्नाले व्यास नगरपालिकाका नगर प्रमुख सम्झनुपर्छ ।

(ग) "उप-प्रमुख" भन्नाले व्यास नगरपालिकाका नगर उप-प्रमुख सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले कृयापुत्री भवन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ सम्झनुपर्छ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(च) "सञ्चालक समिति" भन्नाले व्यास नगरपालिकाको सहभागितामा निर्माण भएको कृयापुत्री भवन सञ्चालन तथा व्यवस्थापन गर्न यस कार्यविधि बमोजिम गठित समिति सम्झनुपर्छ ।

(छ) "प्रभावित वडा" भन्नाले कृयापुत्री भवनले सेवा पुर्याउने वडा भन्ने सम्झनुपर्छ ।

(ज) "अनुगमन समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित समिति सम्झनुपर्छ ।

(झ) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाका विभिन्न वडाहरुमा निर्वाचित वडा अध्यक्ष सम्झनुपर्छ ।

३. **उद्देश्यः** (१) यस कार्यविधिका निम्न उद्देश्यहरु रहेका छन्:

(क) कृयापुत्री भवनलाई व्यवस्थित रुपमा सञ्चालन गरी सम्बन्धित व्यक्तिहरुलाई सेवा प्रदान गर्ने,

(ख) कृयापुत्री भवन सञ्चालनमा व्यास नगरपालिकाको संरक्षकत्व एवं अभिभावकत्व कायम गर्दै विभिन्न संघ संस्था, व्यक्तिहरुको सहयोगलाई विश्वसनीय बनाउने,

(ग) सनातन धर्म र परम्परा अनुसार काजकृया गर्ने जाति, वर्गलाई विना भेदभाव सेवा प्रदान गर्ने ।

## परिच्छेद २
## सञ्चालक समिति गठन, काम, कर्तव्य र अधिकार

४. **सञ्चालक समिति गठन**ः (१) व्यास नगरपालिका अन्तर्गत निर्माण भएका कृयापुत्री भवनको उद्देश्य अनुरुप कार्य गर्न निम्नानुसार सञ्चालक समिति गठन हुनेछः

(क) कृयापुत्री भवन रहेको वडाको वडा अध्यक्ष -संयोजक १

(ख) प्रभावित वडाका टोल संस्थाका अध्यक्षहरु मध्ये प्रत्येक वडाबाट वडा समितिले मनोनित गरेको १ जना सहित ३ जना -सदस्य

(ग) नगरपालिकाको नगर कार्यपालिकाबाट सामाजिक सेवामा कृयाशील व्यक्तिहरु मध्ये २ जना महिला सहित ५ जना मनोनित सदस्य

(२) कार्यसमितिमा बढिमा १५ जना मात्र रहनेछन् ।

(३) कार्यसमितिका सदस्यहरु मध्येबाट उप-संयोजक, सचिव र कोषाध्यक्षको चयन कार्यसमिति आफैले गर्नेछ ।

(४) उप-प्रमुखको अध्यक्षतामा निम्नलिखित अनुगमन समिति रहनेछः

(क) संयोजक -उप प्रमुख

(ख) सदस्य -प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य -संयोजक बाहेकका प्रभावित वडाका वडा अध्यक्ष

(घ) सदस्य सचिव -नगरपालिका सामाजिक विकास शाखाका शाखा प्रमुख वा महिला तथा बालबालिका शाखाका शाखा प्रमुख रहनेछन् ।

५. **कार्यसमितिको काम, कर्तव्य र अधिकार**: (१) कृयापुत्री भवनको प्रभावकारी व्यवस्थापनका लागि आवश्यकतानुसार सेवा सञ्चालन गर्ने,

(२) भवन तथा कोठा सञ्चालनको दस्तुर तय गरी स्वीकृतिका लागी अनुगमन समिति मार्फत नगरपालिकामा पेश गर्ने,

(३) कृयापुत्री भवन कोठा विस्तार, मर्मत स्याहार लगायतका निर्माण कार्यहरुको प्रस्ताव तयार गरी अनुगमन समिति मार्फत नगरपालिकामा पेश गर्ने,

(४) कृयापुत्री भवन एवं कोठा सञ्चालन लगायतका परोपकारी कार्यमा सहयोग पुर्याउने दाता, संघ संस्था, व्यक्तिलाई आह्वान गर्ने, अभिलेख राख्ने र सम्मान गर्ने व्यवस्था मिलाउने,

(५) उद्देश्य अनुरुपका कार्यहरु प्रभावकारी ढंगले सम्पादन गर्न नगरपालिका र सहयोगी संघ संस्था, व्यक्तिहरुसँग समन्वय गर्ने,

(६) हरेक ४/४ महिनामा प्रतिवेदन अनुगमन समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

६. **पदाधिकारीको काम, कर्तव्य र अधिकार**: सञ्चालक समिति एवं अनुगमन समितिका पदाधिकारी सदस्यहरुको काम, कर्तव्य र अधिकार सम्बन्धित समिति आफैले तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ३
## आर्थिक श्रोत

७. **आर्थिक श्रोत:** (१) कृयापुत्री भवन सञ्चालन एवं निर्माण मर्मत कोषमा निम्न लिखित रकम रहनेछन्:

(क) व्यास नगरपालिका लगायत विभिन्न सरकारी तहबाट प्राप्त अनुदान,

(ख) संघ, संस्था, व्यक्तिहरुबाट परोपकारी कर्मका लागि प्राप्त हुने नगद र जिन्सी,

(ग) सेवा सञ्चालन गर्दा सञ्चालक समितिलाई प्राप्त हुने शुल्कहरु,
(घ) उपदफा (१) (क), (ख), (ग) बाहेक अन्य स्रोतबाट प्राप्त नगद र जिन्सी आम्दानी ।

८. सञ्चालक समितिका संयोजक र कोषाध्यक्षको सयुक्त दस्तखतबाट समितिकै नाउँमा स्थानीय वित्तीय संस्थामा खाता सञ्चालन हुनेछ ।

९. योजनागत रुपमा प्राप्त अनुदानको सञ्चालन प्रकृया योजना दिने निकायको कार्यविधि अनुसारनै हुनेछ ।

## परिच्छेद ४
## विविध

१०. सञ्चालक समितिले कार्य गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सञ्चालक समितिको सिफारिसमा अनुगमन समितिले निर्णय बमोजिम हुनेछ ।

११. यो कार्यविधिको प्रावधान प्रचलित कानूनसँग वा नियममा बाझिएको हक सम्म निष्कृय हुनेछ ।

१२. यो कार्यविधि संशोधन गर्न आवश्यक देखिएमा अनुगमन समिति र सञ्चालक समितिको परामर्शमा नगरपालिकाले संशोधन गर्नेछ ।

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत